# नेपाल सरकार

मा.विष्णु प्रसाद प्रसाई
प्रदेश प्रमुख

प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौडा, मकवानपुर,नेपाल

**"नव वर्ष २०७८ साल" को शुभकामना सन्देश**

नव वर्ष २०७८ सालको शुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि एवम् सु-स्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

विश्व महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को दोस्रो चरण शुरु भैसकेको अवस्थामा गतवर्ष झै यस बर्ष पनि आम मानव समुदायको चिन्तन मनन र दैनिकीमा अब के हुन्छ भन्ने भावना सृजना भैरहेको अवस्थामा गत वर्षको अनुभवबाट पाठ सिक्दै विश्व स्वास्थ्य संगठन, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, चिकित्सक तथा विशेषज्ञ समेतको परामर्श बमोजिम सामाजिक दुरी कायम गर्दै सतर्कता अपनाएमा यस महामारीको असर न्यून हुँदै जाने र अन्त्यमा नेपाल लगायत समग्र विश्वले छिट्टै मुक्ति पाउनेछ भनि मैले विश्वास लिएको छु । साथै कोरोनाभाइरसको सङ्क्रमण तर्फ सजग रहि सुरक्षित तवरले नव वर्ष मनाउन समेत सबैमा अपिल गर्दछु ।

अन्तमा, नयाँ वर्ष २०७८ सालले विगतमा हासिल गरेका उपलब्धिहरुलाई समयानुकुल सुदृढिकरण गर्दै मुलुकमा सुशासन र समृद्धिको मार्गमा उन्मुख रहि **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय आकांक्षा पूरा गर्नुको साथै दीगो शान्तिका साथ महत्वपूर्ण उपलब्धि हासिल गर्न सफल वर्ष बन्न सकोस भन्ने कामना गर्दै सबैमा पुन: हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**धन्यवाद !**

**मिति २०७८ बैशाख १ गते, बुधबार ।**

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौडा, मकवानपुर

**विष्णु प्रसाद प्रसाई**
**प्रदेश प्रमुख**
**बागमती प्रदेश**